## अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

# जनकपुर उपमहानगरपालिकाको विनियोजन ऐन, २०७५

खण्ड १ संख्या ३ मिति २०७५/०३/२२

आज्ञाले,

उमेश ढुङ्गाना

प्रमुख प्रशासकीय अधिकृत

# जनकपुरधाम उपमहानगरपालिकाको विनियोजन ऐन, २०७५

**जनकपुरधाम उपमहानगरपालिकाको आर्थिक बर्ष २०७५/०७६को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोष बाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

सभाबाट स्वीकृत मितिः २०७५।०३।०१० गते

**प्रस्तावनाः–**

जनकपुरधाम उपमहानगरपालिकाको आर्थिक बर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोष बाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम जनकपुर उपमहानगर सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भः**

**(१)**यस ऐनको नाम " जनकपुरधाम उपमहानगरपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७५।०७६को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकारः**

(१)आर्थिक वर्ष २०७५।०७६ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. २,२६,४७,६१,०००.००/– (अक्षेरुपी दुई अरब छब्बिस करोड सतचालिस लाख एकसठी हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोष बाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः**

(१) यस ऐन द्धारा सञ्चित कोष बाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त जनकपुर उपमहानगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुगहुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षक बाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५% प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । तर चालु तथा पूँजिगतखर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)यसै ऐन वमोजिम हुने :– वार्षिक निती तथा कार्यक्रम (वजेट)मा भएका घोषणामा उल्लेखित रकम र प्रस्तुत विनियोजन ऐनमा उल्लेखित रकमको सिलिङ र अनुपात फरक पर्न गएमा यसै ऐनमा विनियोजन भए बमोजिम हुनेछ ।

अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चितकोषबाट विनियोजन हुने रकम

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च रु. | पूँजिगत खर्च रु. | वित्तिय व्यवस्था | जम्मा रु. |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | नगरकार्यपालिका | १,१६,१५,०००।०० | १,६९,५३,४६,००० | – | १,७०,६९,६१,०००।०० |
| २ | | वडा समिति | ९९,००,०००।०० | १२,७५,००,००० | – | १३,७४,००,०००।०० |
| ३ | | बिषयगत शाखा | ३९२१७००००।०० | २,३२,३०,०००।०० | – | ४१,५४,००,०००।०० |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | ५०,००,०००।०० | – | – | ५०,००,०००।०० |
| ५ | | लगानी (शेयर/ऋण) | ४१,८६,८५,०००।०० | १,८४,६०,७६,०००।०० | – | २,२६,४७,६१,०००।०० |